जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ११२ • २०७९ फाल्गुण १ गते सोमवार • 13 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधाम उमनपाले जनकपुरलाई धार्मिक पर्यटकीय नगरी बनाउँदै



जलेश्वरटुडे समाचारदाता
धनुषा, २९ माघ

मधेस प्रदेशको राजधानी रहेको धनुषाको जनकपुरधाम पौराणिक र ऐतिहासिक पर्यटकीयस्थलको रुपमा परिचित छ । जानकी, राममन्दिर, विवाहमण्डप, मणिमण्डप, स्वर्गद्वार, राजदेवी, जनक मन्दिर, गङ्गा आरती, शिव, सङ्कटमोचन, लक्ष्मण, कपिलेश्वर, कुपेश्वरनाथ महादेव, हनुमानगढीलगायत मन्दिर यहाँ अवस्थित छन् ।

महर्षि जनकको पूण्यभूमि र माता जानकीको पवित्र जन्मस्थलको रुपमा देश विदेशमा परिचित यस क्षेत्रको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । मुख्यगरी यहाँ माता जानकीको मन्दिर दर्शन गर्न आउने छन् । आवश्यक व्यवस्थापकीय काम भएमा जानकी मन्दिरको अवलोकन गर्न आउनेले केही दूरीमा रहेका अन्य मन्दिरसमेत अवलोकन गरी आनन्द लिन सक्छन् । यिनै मठमन्दिर अवलोकनका लागि उचित योजना निर्माण र व्यवस्थापन हुन नसक्दा धार्मिक पर्यटकले सोचेअनुसार आनन्द लिन सकेका छैनन् ।

पहिलो पटक जनकपुर आउनुभएकी काठमाडौँकी हीरादेवी बिसीले मठमन्दिरको हिसाबले सुन्दर ठाउँ भए पनि पार्किङ, प्रतीक्षालय र छाडा पशुचौपायाको व्यवस्थापन हुन सके अझ सहज हुने बताए । मन्दिर दर्शन गर्न आएकाले सडक छेउमै गाडी राख्नुपर्ने अवस्था छ, मन्दिर घुमिसकेपछि थकाइ मार्ने उपयुक्त बस्ने ठाउँको पनि व्यवस्थापन रहनेछ,

बांकी पृष्ठ २ मा ।

## एक बालकलाई ६ घन्टासम्म बन्धक बनाएर निर्घात कुटपिट

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २९ माघ

बर्दिबासमा एक बालकलाई ६ घन्टासम्म बन्धक बनाएर निर्घात कुटपिट गरेको पाइएको छ । बर्दिबास- १२ बस्ने १४ वर्षीय इन्द्रजितकुमार महतोलाई खुत्रुकेमा जम्मा गरेको पैसा चोरेको आरोपमा स्थानीय युवाहरूले निर्ममतापूर्वक कुटपिट गरेको खुलासा भएको हो। पीडित परिवारका अनुसार स्थानीय युवाहरू रञ्जित महतो, सञ्जित महतो, हरि महतो, रामजनम



महतो, सुशील महतो र रञ्जित चौधरीले ६ घन्टासम्म बन्धक बनाएर उनलाई कुटपिट गरेका थिए ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार युवाहरूले बालकलाई बाइकमा पछाडि राखेर घिसार्दै आरोपितमध्येका सञ्जित महतोको घरमा पुऱ्याएर ६ घन्टासम्म यातना दिएको बताइएको छ। २३ माघको दिउँसो झन्डै १२ बजे नियन्त्रणमा लिएर बेलुका ६ बजेमात्र उनीहरूले छाडेको पीडित बालक इन्द्रजित महतोले बताए । 'मलाई बाइकमा घिसारेर सञ्जित महतोको घरमा पुऱ्याए, अनि डोरीले दुवै हात बाँधेर झुन्ड्याएर कुटपिट गरे,' पीडित बालक इन्द्रजितले भने, 'खुकुरी देखाए, पैतालामा तारले कुटे ।' पीडित

बांकी पृष्ठ २ मा ।

## खाद्य सम्बन्धी स्थानीय सरकारको भुमिकाबारे अन्तरक्रिया

जलेश्वरटुडे समाचारदाता
धनुषा, २९ माघ



बाँच्न पाउने अधिकारको आधार : खाद्य अधिकार खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन २०७५ को कार्यान्वयनमा स्थानीय सरकारको भुमिका सम्बन्धि अन्तरक्रिया गरिएको छ ।

शनिबार मुखियापट्टी मुसरनिया स्थित रहेको बैद्यनाथ देवनारायण जनता नमुना माध्यमिक विद्यालय मुखियापट्टी मुसरनिया तुलसियाहीको सभा हलमा एक कार्यक्रम बिच स्थानीय सरकारकको जनप्रतिनिधि संग ऐन सम्बन्धि गहन छलफल भएको छ । उक्त अन्तरक्रियामा फियान नेपालबाट प्रस्तुतिकरण राख्दै अधिवक्ता तिलक अधिकारीले स्थानीय सरकार संग ऐन निति निर्माणमा गम्भीर हुन जनप्रतिनिधिलाई आग्रह गरे । पालिका भित्र रहेका बास्तबिक किसानको पहिचान गरि परिचय पत्रको लागि स्थानीय सरकारले पहल गर्नुपर्ने अधिकारीले बताए ।

राष्ट्रिय, प्रदेश र स्थानीयले स्थानीय खाद्यान्न अधिकार सम्बन्धि ऐन बनाएर अगाडि बढ्न आग्रह गरे । यस्तै स्थानीय खाद्यान्न समन्वय समिति गठन गर्नुपर्ने , गोदाम स्थापन गर्ने,राष्ट्रिय खाद्य परिषद गठन गर्नपर्नेमा अधिकारीले जोड दिए । फियान नेपालका मधेस प्रदेशका संयोजक नन्दनी यादवले किसानहरुको परिचय पत्र उपलब्ध गराउन आफू लागिपरेको र किसानको समस्या पनि छिटै समाधान हुने बताईन । यादवले समस्या समाधानको साथ साथ ऐन निर्माणमा जनप्रतिनिधिले सहयोग गरे मात्र अन्तरक्रिया सफल र कार्यक्रमको औचित्य रहने बताइन् ।

उक्त कार्यक्रम वडा अध्यक्ष लक्ष्मेश्वर यादवको अध्यक्षतामा भएको कार्यक्रममा अतिथिको रुपमा उपाध्यक्ष सैदा खातुन , एक देखि छ वडाका वडा अध्यक्ष , थर्ड एलायन्स प्रदेश प्रमुख तथा संजाल सदस्य अर्जुन साह ग्रीन स्पेस नेपाल अध्यक्ष तथा संजाल सदस्य धिरज साह, पोषण स्वमसेवक मन्जु यादव,पत्रकार नरेश चन्द्र बरबरिया लगायत स्थानीय किसानहरुको सहभागी रहेको थियो ।

## जंगली जनावरको आतंकले किसानहरु परेशान

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २९ माघ



'न खेतबारीको बाली भन्न पाइन्छ, न घरको मकैको थाक्रो', बँदेल, दुम्सी, निलगाई र बाँदर सताएपछि वीरक्तिँदै महोत्तरी बर्दिबास-५ की राधा उपाध्याय भन्छिन्, 'यो बालीनाली यिनलाई नै लगाइदिएजस्तै भयो ।'

खेतबारीको बालीनाली खाएर नपुगेर बाँदरले घरआँगनका थाक्रामा झुत्याएर राखिएको मकै पनि उधिनेर दिक्क बनाएको ६५ वर्षीया राधाको बिलौना छ । खेतबारीमा बाँदर, निलगाई र बँदेलले तथा घरआँगनमा बाँदरले दुःख दिएर बालीनाली नोक्सान पारेका बर्दिबास नगरपालिकाका वन क्षेत्र नजिकका किसान बताउँछन् । दिनदिनैजसो वन्यजन्तुले बालीनाली सखाप पार्न थालेपछि महोत्तरीका किसानको हैरानी

बांकी पृष्ठ २ मा ।




फागुपर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं ।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृखल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिक रुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# अस्थिर प्रचण्ड, स्थिर को हो ?

*इतिहासमा नै सबैभन्दा बढी ९९ प्रतिशत मत दिएर प्रचण्डलाई विश्वास गर्ने दलहरू प्रचण्डको बोली र अडानमा विश्वास नभएको तर्क गर्छन् । प्रचण्डको पक्षमा दस दल थिए भने विपक्षमा जम्मा दुई दलको दुई मत । विडम्बना हो या बाध्यता, जसले धोका दिए, पटक पटक बोली फेरे, विश्वासमा घात गरे भन्ने दलहरू संसद्मा प्रचण्डलाई सर्वमान्य नेता मान्न भोट दिन्छन् । अनि आरोपको वर्षा गर्छन् र भन्छन् प्रचण्ड अस्थिर छन् । आजसम्म इतिहासको रेकर्ड ब्रेक गरेर संसद्बाट पुष्पकमल दाहाललाई प्रचण्ड बहुमतसहित सत्ता सुम्पन्छन् । हाम्रो राजनीतिको अस्थिर चरित्र नै स्थिर देखिएको छ । अस्थिरताले स्थिरको संज्ञा पाएको छ। पाँच वर्ष कुनै पनि सत्ता नटिक्ने अवस्था अस्थिरताको स्थिरता हो ।*

*नेपाली राजनीतिमा २०६३ असारमा प्रचण्ड शान्तिपूर्ण राजनीतिमा आएदेखि उनीमाथि अनेक लाञ्छना र आरोप लागेका छन् । सबैभन्दा सङ्गीन आरोप जनयुद्धमा १७ हजार मान्छेको हत्या र हिंसाको भन्दा पनि अस्थिर राजनीति गरे भन्ने आरोपले डामिएका छन् । प्रचण्ड आफ्नो अडानमा रहेनन् । बारम्बार सत्ताको दैलो उघार्न यता उता भौँतारिए । विश्वास योग्य नेता भएनन् । बोलीमा विश्वास र दम हराए इत्यादि । प्रचण्ड अस्थिर छन् , विश्वासयोग्य रहेनन्, पीपलपाते बने, स्वार्थका लागि कसैको दैलोमा देउसी खेल्न बाँकी राखेनन् । यी दृश्य सत्यबारे मलाई भन्नु केही छैन ।*

*जसरी कुनै पुरुष नैतिकहीन र चरित्रहीन नभई नारी स्वयं चरित्रहीन र नैतिकहीन हुन्न । प्रचण्ड, देउवा र ओलीलाई 'नो, नट एगेन' भन्ने नारा लाएर उदाएको नयाँ पार्टी रास्वपासमेत प्रचण्ड सरकारमा ओली डिजाइनमा सामेल भएर आफ्नो नयाँ लुगामा दाग लगायो । यहाँ को भेष बदल्दैन ? को रङ फेर्दैन ? को अस्थिर हुँदैन सत्ता सुन्दरीको अघिल्तिर ? राजनीतिक नैतिकता र चरित्रमा नेताहरू यही स्तरमा खस्कँदै जाने हो भने कुनै पनि किसिमको वैधानिक अवैधानिक दुर्घटनामा देश नपर्ला भन्न सकिन्न ।*

### *जनकपुरधाम उमनपाले..........*

उनले भन्ने, स्थानीय सरकारले उपयुक्त पार्किङस्थल, सफा शौचालय र बसेर आराम गर्न मिल्ने ठाउँको व्यवस्था गरेको भए राम्रो हुने थियो । जनकपुरधाम उपमहानगरपालिकाले भने धार्मिक पर्यटकका यस्तै गुनासालाई सम्बोधन गर्न धार्मिक क्षेत्र सुधारका काम गरिरहेको जनाएको छ । उपमहानगर प्रमुख मनोजकुमार साहले आफ्नो प्रमुख प्राथमिकतामध्ये धार्मिक पर्यटनलाई टेवा पुग्ने गरी विकासका गतिविधि गर्नु रहेको बताए । उनले धार्मिक पर्यटकलाई लक्षित गरी योजनाबद्ध रुपमा धार्मिक क्षेत्र सुधारका काम अगाडि बढाइएको बताए । जनकपुरलाई धार्मिक पर्यटन नगरीका रुपमा विकास गर्न सोहीअनुसार मैले योजना बनाएको छु, नगरप्रमुख साहले भन्ने, त्यही योजनाअनुसार फोहरमैला व्यवस्थापन, पार्किङ निर्माण र फुटपाथ निर्माणको काम हुँदैछ । जनकपुरधाम उपमहानगरपालिका-८ स्थित दशरथ मन्दिर छेउमा बनाउन लागिएको सुविधा सम्पन्न पार्किङ सोही योजनाको सुरुआती भएको उनले बताए । बाह्र कट्ठाभन्दा बढी जग्गामा बन्न लागेको सुविधा सम्पन्न पार्किङले जनकपुरधाममा रहेका मन्दिरको दर्शन गर्न आउने पर्यटक लाभान्वित हुने अपेक्षा गरिएको छ । अन्य समस्या त छँदैछन्, मुख्यरुपमा मन्दिर दर्शन गर्न आउने धार्मिक पर्यटकले गाडी सडक छेउमै पार्किङ गर्नुपर्ने अवस्था छ ।

### *एक बालकलाई ६..........*

बालकको पैतालामा सिर्कनाले हानेको निलडाम अझै देख्न सकिन्छ। हिँडडुल गर्नसमेत समस्या बनिरहेको अवस्थामा उनी विद्यालयसमेत जान सकेका छैनन् । गाउँकै एक विद्यालयमा कक्षा- ६ मा अध्ययन गर्ने पीडित महतोलाई चोरी गरेको स्वीकार गर्न भन्दै यातना दिइएका बालकको शरीरभरि घाउ र निलडाम छन् । महतोको पछाडि ढाडमा लट्ठीले हानेजस्ता सुम्ला देखिन्छन् भने खुट्टामा समेत गहिरो निलडाम छ । 'मलाई पानीमा मुन्टो डुबाए, अनि पैतालामा पनि असह्य हुने गरी पिटे,' इन्द्रजितले रुँदै भने, 'टाउकोमा पनि औँठी लगाएको हातले जोडले हाने ।' युवाहरूले निर्घात कुटपिट गरेर बेलुका छाडेपछि पीडित परिवारजनले गाउँमा नै रहेको सुरज बस्नेतको क्लिनिकमा पुऱ्याएर उपचार गरेका थिए। 'उपचारमा मात्र २ हजार खर्च भयो, आम्दानीको स्रोत केही छैन,' पीडित बालककी आमा कौशिला देवीले भनिन् । घरमा आएर आफूलाई समेत युवाहरूले अभद्र व्यवहार गरेको उनी बताउँछिन् । पीडित बालकका बुबा भोला महतो बर्दिबासस्थित एक बेकरीमा काम गर्छन् । आफ्नो छोरालाई निर्घात कुटपिट गर्ने युवालाई कडा कारबाही गर्न पीडित परिवारले माग गरेको छ । यता, घटना भएको भोलिपल्ट नै प्रहरी चौकी हात्तीलेटमा निवेदन दिए पनि प्रहरीले बेवास्ता गरेको पीडित परिवारको भनाइ छ । हात्तीलेटस्थित प्रहरी चौकीका इन्चार्ज इन्द्रजित ठाकुरले भने घटनाको विषयमा जानकारी भएको तर पीडितहरू नै जाहेरी दिन नआएको बताए। तर पीडित पक्षले प्रहरी चौकीले ३०० रुपैयाँ दस्तुर लिएर निवेदन दर्ता गरिसकेको दाबी गरेका छन् । कुटपिट जस्तो अपराधमा प्रहरीले आरोपितहरूलाइ उन्मुक्ति दिन खोजेको पीडित परिवारको आरोप छ । इलाका प्रहरी कार्यालय गौरीडाँडाले पनि घटनाको विषयमा अनभिज्ञता जनाएको छ । इलाका हेर्ने प्रहरी नायब उपरीक्षक रवि रावलको सरुवा भएपछि उनको स्थानमा विजय यादव आएका छन् । घटनाको विषयमा छानबिन गरी दोषीहरूलाई कानुनी दायरामा ल्याउने उनको भनाइ छ । प्रहरी उपरीक्षक प्रकाश मल्लले पनि घटनाको विषयमा जानकारी लिएर अनुसन्धान प्रक्रिया अघि बढाउने बताए ।

### *जंगली जनावरको.........*

बढेको छ । वन्यजन्तुले बस्ती/बस्ती पसेर बालीनाली नोक्सान पारेपछि सर्वसाधारणको हैरानी बढेको हो । वनक्षेत्र नजिकका बस्तीमा निकै दुःख दिने बाँदर भने जिल्लाका तल्लो भेगका बस्तीमा देखिँदैनन् तर नीलगाई र बँदेलचैँ हुलमै पूर्वपश्चिम राजमार्गको वारिपारि वन क्षेत्रबाट सरदर ४० किलोमिटर दूरी छिचोल्दै भारतसँगको सीमा क्षेत्रका बस्तीसम्म पुगेका छन् । बाँदर र दुम्सीले भने वन क्षेत्र नजिकका बस्तीमा सताउने गरेका छन् । राधाजस्तै पूर्वपश्चिम राजमार्गबाट करिब पाँच किलोमिटर दक्षिणको बर्दिबास-७ मनहरिपुरकी ७० वर्षीया इन्द्रमायाँ पौडेल पनि वन्यजन्तुले हैरान खेलाएको बताउँछन् । 'यता बाँदर त लाग्दैनन्, तर नीलगाई र बँदेलले खेतबारीको बाली नोक्सान पारेर धुरुक्क रुवाए', पौडेलले भने ।

# चुरे संरक्षणमा चुनौती बन्दै क्रसर उद्योग



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ माघ**

समुन्द्री सतह देखि ६१० मिटर उचाईबाट सुरु भई १८७२ मिटर सम्म फैलिएको भु-क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ । चुरे क्षेत्र जैविक र प्राकृतिक दृष्टिकोणबाट अति नै महत्वपूर्ण र उपयोगी क्षेत्र हो । यहाँको हावापानी पनि समशितोष्ण किसिमको भएकै कारण यहाँ विभिन्न प्रजातिको वन्यजन्तु पाईन्छन् । यहाँ साल, सिसौं, खयर, अमला, हर्रो, बर्रो जस्ता औषधी जन्य बहुउपयोगी विरुवा पनि प्रशस्त रुपमा पाइन्छन् ।

चुरे वन क्षेत्रको भू-बनोट बलौटे र गेग्राङ माटोबाट बनेको हुँदा यहाँको भू बनोट खुकुलो किसिमको छ । त्यसैले पनि यो चुरे वन क्षेत्रलाई एक संवेदनशील क्षेत्रको रुपमा लिईन्छ । यो क्षेत्र भौगोलिक, प्राकृतिक र जैविक लगायत सम्पूर्ण क्षेत्रबाट बहुउपयोगी क्षेत्र मानिन्छ । चुरे क्षेत्र तराई र पहाडी क्षेत्रको बीचको भागमा रहेके क्षेत्र हो । यस क्षेत्र तराईको उर्वर भूमिलाई सिंचित गर्नको लागि पानी मूल श्रोत पनि बन्न पुगेको छ । चुरे वन क्षेत्र संरक्षण गर्नुपर्ने निकै कारणहरु छन् । यहाँका बहुमुल्य वनस्पती, लोप हुन लागेका, जीवजन्तु र सम्पूर्ण प्राकृतिक सौन्दर्यले गर्दा नै आज नेपाल विश्व सामु जलश्रोतको दोश्रो धनी देशको रुपमा परिचित छ । यो चुरे वन क्षेत्रले यस क्षेत्र आसपासमा बसोवास गर्ने अधिकांश जनताको जीवन चलाउन मद्दत गरेको छ । चुरे वन क्षेत्र कै बोटविरुवा, वनस्पती, जीव जनावरको उपभोग गरी उनिहरुको जीवन गुजारा भइरहेको छ । चुरे वन क्षेत्रले दिएको अनेकौं सुविधाको कारण नै हामीले यस क्षेत्रको संरक्षण गर्नु आवश्यक छ । चरे वनक्षेत्र संवेदनशील हुँदा हुँदै पनि यसलाई विभिन्न किसिमले दुरुपयोग गरेको पाईएको छ । यसको संरक्षणमा सरकारी तथा गैरसरकारी नीतिहरु प्रभावकारी छैनन् । यस क्षेत्रको संरक्षण नगरेमा हाम्रो, 'हरियो वन नेपालको धन' भन्ने उखान पनि उखान नै बनेर सीमित हुने छ र हाम्रो अन्नको भण्डार भनिने तराई क्षेत्र उराठ मरुभुमि बन्न पुग्नेछ । हाम्रो प्राकृतिक सौन्दर्य र भू-स्वरुप ओरालो लाग्ने छ । र हाम्रो देश जल श्रोतको धनि नभई जल श्रोतको अभाव भएको देशमा परिणत हुने छ । सरकारले चुरे संरक्षणको लागि लाखौं रुपैयाँ खर्च गर्ने गरेको भए पनि वन जंगल र खोला किनार अवैध रुपमा खुल्ने गरेका क्रसर उद्योगको कारण चुरे संरक्षणमा चुनौती बन्दै गएका छन् । धनुषा र महोत्तरीको सीमानामा रहेको रातु खोला किनारमा मात्रै वरिपरी गरि ५ वटा क्रसर उद्योग अवैध रुपमा संचालनमा छन् । अवैध रुपमा बालुवा, गिट्टी उठाउने गरेका कारण वन जंगल विनास भइरहेको छ । सरोकारबाला निकाय यसलाई रोक्नको लागि गम्भीर नेदेखिएका कारण समस्या बढ्दै गएको छ । वन विनास अत्यधिक रुपमा बढेको छ भने क्रसर उद्योगले जथाभावी रुपमा नदीबाट बालुवा, गिट्टी निकाल्ने गरेका छन् । क्रसर उद्योगका कारण तटबन्ध जोखिममा परेको छ । रोक्नुपर्ने निकायले नै ती उद्योग संग लाभ लिंदा समस्या देखिएको हो ।

किसान नगरका रीता भट्टराईले खोला किनारमा रहेको क्रसरले बालुवा लिएर जाँदा आफ्नो घरमा समेत बालुवा पसेको बताइन् । उनले भनिन्, 'राति राति बालुवा ओसार्दा हैरान भएको छु । जथाभावी बालुवा झिक्दा तटबन्ध नै भत्किने खतरा रहेको छ ।' धनुषा र महोत्तरीको सीमामा रहेको रातु पुल २०७१ मा भत्किनुको कारण पनि यहि क्रसरहरु रहेको लालगढका स्थानीयवासी महेश बस्नेतले बताए । उनले भने, 'अहिले पनि ३५ घरधुरी जोखिममा छन् ।'

### तपाईको टुडे

मेष: लामो यात्राको योग छ

वृष: पिछडेको साथी मिल्ने

मिथून: विचार गरेर बोल्नुहोला

कर्कट: मनमा पछुतो आउने

सिंह: आम्दानी हुने

कन्या: अनावश्यक चिन्ता

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: अनावश्यक खर्चको संभावना

धनु: मित्रतामा फाटो आउने

मकर: खानपानमा समस्या आउने

कूम्भ: पढाईमा ध्यान दिनुपर्ने

मीन: शुभ कार्यको शुरुवात


### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# टर्की : भूकम्पले ढलेका घर बनाउने ठेकेदार धमाधम पक्राउ पर्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ माघ




सोमबार ७.८ रेक्टर स्केलको भूकम्पका कारण टर्कीमा व्यापक जन धनको क्षति भएको छ। भूकम्पले टर्कीका १० सहरमा अत्यधिक प्रभावित गरेको छ। त्यहाँ निजी घर लगायत गगनचुम्बी भवन पनि भत्किएका छन्।

ती भवन बनाउँदा भवन संहिताको पूर्ण पालना नगरेकोद भन्दै ठेकेदार धमाधम पक्राउ परिरहेका छन्। टर्कीमा शक्तिशाली भूकम्पबाट हजारौं भवनहरू भत्किएपछि भवनको मापदण्डबारे अनुसन्धान गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको जानकारीमा उल्लेख छ। अनुसन्धानको एक भागको रूपमा, हालसम्म १२ जनालाई हिरासतमा लिइएको र ११३ जना विरुद्ध पक्राउ पुर्जी जारी गरिएको बीबीसीले जानकारी दिएको छ। टर्कीमा गत साता गएको भूकम्पमा मृत्यु हुनेको सङ्ख्या हालसम्म २८ हजार पुगेको छ। हालसम्म भवनको भग्नावशेष पूर्ण रूपमा नहटाइएकाले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने राहत कार्यमा संलग्न निकायहरूले बताएका छन्। तस्बिरमा हेर्नुहोस् टर्की र सिरियामा भूकम्पको तबाही तस्बिरमा हेर्नुहोस् टर्की र सिरियामा भूकम्पको तबाही विगतका वर्षहरूमा टर्कीमा भूकम्प गएपछि भवन निर्माणमा कडा नियम लागू गरिएको थियो। यसका बाबजुद, गत हप्ताको भूकम्पमा दक्षिणी टर्कीमा हजारौं भवनहरू तासको पत्ताजस्तै ढले।

# अजय देवगणको 'मैदान'को रिलिज मिति सर्‍यो, अब २३ जुनमा मात्रै आउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ माघ




'दृश्यम २' को सफलतापछि बलिउड अभिनेता अजय देवगण आफ्ना दुई फिल्मको रिलिज तयारीमा जुटेका छन्। उनी र तब्बु स्टारर 'भोला' मार्च ३० मा रिलिज हुँदैछ भने अर्को फिल्म 'मैदान'को भने मिति सरेको छ।

यसअघि १२ मेमा रिलिज तय गरिएको मैदान अब २३ जुनबाट मात्रै प्रदर्शनमा आउने भएको अमित शर्मा निर्देशित स्पोर्टस् ड्रामा मैदानका लागि यसअघि तय गरिएको मिति सही नभएको भन्दै पछि सारिएको जनाइएको छ। 'मैदान एक बहुप्रतीक्षित फिल्म भएकाले यसलाई बक्स अफिसमा क्लियर विन्डो चाहिन्छ। पहिले तोकिएको १२ मेको मिति यो फिल्मका लागि सही नभएकाले नयाँ डेट तय गरिएको हो,' निर्मातालाई उद्धृत गर्दै बलिउड हंगामाले उल्लेख गरेको छ। मैदान भारतीय फुटबलको सुनौला वर्षमा आधारित फिल्म हो। फिल्ममा अजय फुटबल कोच सइद अब्दुल रहिमको भूमिकामा छन्। रहिमलाई भारतीय फुटबलका संस्थापक पिता मानिन्छ।

# नेप्सेमा ६० अंकको पहिरो, ३ अर्बको कारोबार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ माघ




साताको पहिलो कारोबार दिन आइतबार नेप्सेमा ६० अंकमाथिको गिरावट आएको छ।

गत शुक्रबार राष्ट्र बैंकले आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरेसँगै आम लगानीकर्ताहरु निराश बन्दा सोको प्रभाव आइतबारको सेयर बजारमा देखिन गएको हो। मौद्रिक नीतिको समीक्षाले बैंक ब्याजदरसँगै सेयर धितो (मार्जिन लेन्डिङ) को १२ करोडको सीमा समेत यथावत् राखेको छ। जसले गर्दा लगानीकर्ताहरु पेनिक हुन पुगेका हुन्। नेपाल स्टक एक्सचेन्जका अनुसार आइतबार नेप्से सूचक ६०.७७ अंकले घट्दै २१ सय २१.८६ अंकमा झरेको छ। यस दिन क वर्गको सेन्सेटिभ इन्डेक्स समेत १०.९९ अंकले घट्दै ४०४.४३ अंकमा झरेको छ।

आज १३ वटै उपसूचक ऋणात्मक भएर बजार नै राताम्मे भएको छ। फाइनान्स समूहको उपसूचक ४.५९ प्रतिशतले घटेको छ भने म्यानु एण्ड प्रो समूहको उपसूचक ४.०९ प्रतिशत र हाइड्रोपावर समूह ४.०४ प्रतिशतले घटेका छन्। यस्तै, डेभलपमेन्ट समूहको उपसूचक ३.३६ प्रतिशतले घट्दा इन्भेष्टमेन्ट समूहको उपसूचक ३.७८ प्रतिशतले, जीवन बीमा समूहको उपसूचक ३.२४ प्रतिशतले घट्न पुगेको छ। अन्य उपसूचकहरु २ प्रतिशत माथिले घटेका छन्।

# विश्वकप क्लब फुटबलको उपाधि रियाललाई

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ माघ




स्पेनिश क्लब रियाल मड्रिड फिफा क्लब विश्वकप च्याम्पियन बन्न सफल भएको छ। साउदी अरेबियाको अल हिलालमाथि ५-३ को जित निकाल्दै मड्रिड पाँचौं पटक क्लब विश्वकपको च्याम्पियन बनेको हो।

मोरक्कोको रावतस्थित स्टेड प्रिन्स मोउले अब्दल्लाहमा भएको खेलमा हिलाललाई हराउँदै पाँचौ पटक बिश्वकप च्याम्पियनको उपाधि उचाल्न सफल भएको हो। जसमा रियालको भिनिसियस जुनियर र फेडे भाल्भेर्डेले २-२ तथा कप्तान करिम बेन्जेमाले एक गोल योगदान गरेका थिए। उता, अल हिलालका लुसियानो डारियो भिट्टोले दुई तथा मोउसा मारेगाले एक गोल मात्रै गरेपछि उपविजेतामा सीमित भयो। खेलको १३ औं मिनेटमा भिनिसियसले गोल गर्दै रियाललाई शुरूआती अग्रता दिलाए भने त्यसको ५ मिनेटपछि अर्थात् १८ औं मिनेटमा फेडे भाल्भेर्डेले गोल गर्दै रियालको अग्रतालाई दुई गोलले दोब्बर पारे।

## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी


"Education Is The Light Of Life"

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)

Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | • H.A.<br>• Staff Nurse<br>• D-Pharmacy<br>• CMLT (Lab)<br>• Opthalmic Science<br>• Diploma in Civil, Electrical Mechanical Engineering<br>• Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरू
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. विहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरूका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरूका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्युनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था।





9854025530 / 9824885783



कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# 'पीडित संघ' खोल्ने कि राष्ट्रनिर्माता शक्ति बनाउने ?

-मान्छेको जिन्दगी न हो, अनेक दुर्दशा र तमासाबीच गुज्रिनुपर्छ । कसैको दुर्दशा कसैका तमासा बन्छन्, कसैका तमासा कसैका दुर्दशा । करिब १ दशक अघिको कुरा हो । त्यतिबेला सुनसरी नै बस्थैं । अनेक कामले बेलाबेला काठमाडौं आइरहनु पर्थ्यो । काठमाडौं आउँदा मेरा दुई नजिकका मित्रहरूको एक 'दुर्दशा' मेरा लागि तमासाजस्तो बन्थ्यो ।

त्यतिबेला सुधीर बस्नेत नामका एक नयाँ धनाढ्य बढो चर्चामा थिए । अर्थतन्त्रका सबैजसो क्षेत्रमा उनको लगानी भएको र ती संकटग्रस्त हुँदै गएको सामाचार आइरहन्थे । पछि उनी पक्राउ परेको, ठगी मुद्दा लागेको सुनियो । अचेल सुधीर बस्नेत प्रकरण कहाँ पुगेको छ, के कसरी टुंगियो वा त्यसै अलपत्र छ, थाहा छैन । मेरा दुई नजिकका मित्रहरूले भने उनलाई निर्माणाधीन अपार्टमेन्टको फ्ल्याटको अग्रिम भुक्तानी स्वरूप त्यतिबेला क्रमशः १५ र २८ लाख रकम बुझाएका थिए । तर, बस्नेतका ती अपार्टमेन्ट कहिल्यै बनेन । उनीहरूको पैसा डुब्यो । उनीहरूले एक संस्था र कमिटि बनाएका थिए-'सुधीर बस्नेत पीडित संघ' र मेरा ती दुवै मित्रहरू त्यो संस्थाका कार्यकारी सदस्य थिए ।

'पीडित संघ' को बैठकमा म पनि जान्थें, साथीहरूसँगै 'टाइम पास' गर्न । शुक्रबार हो वा शनिबार उनीहरूको बैठक हुन्थ्यो, पीडित संघको कार्यालयमा । सुधीर बस्नेत पीडित संघको साइनबोर्ड त्यही घरमा लागेको थियो, जहाँ 'अग्नि एयर' को कार्यालय थियो । अर्थात् त्यो घर बस्नेत कै 'बिजनेस प्रेमिसेस' थियो र त्यसैको एक कोठामा 'पीडित संघ' को अफिस पनि । बैठकमा ६०-७० सम्म मानिस भेला हुन्थे । पीडकको बारेमा गरमागरम बहस गर्थे। उनलाई कसरी तह लगाउने र डुबेको पैसा कसरी फिर्ता पाउने भनेर अनेक जुक्ति र उपाय निकालिन्थे । बैठककै बीचमा चियानास्ता आउँथ्यो । त्यो पनि बस्नेतकै तर्फबाट । बैठकको बीचबीचमा बस्नेतका एक कार्यालय व्यवस्थापक आउँथे र बैठकलाई अनेक सुझाव दिन्थे । 'सरले यसो भन्नु भएको छ, उसो भन्नु भएको छ' भनेर 'पीडित संघ' लाई बस्नेतको सन्देश सुनाउँथे । 'तपाईंहरूले यसो गर्नु राम्रो उसो गर्नु राम्रो, यस्तो निर्णय माइन्युट गर्नु राम्रो, उस्तो निर्णय नगर्नु राम्रो' भनेर सल्लाह दिन्थे । नभन्दै 'पीडित संघ' ले सुझाव अनुसार नै गर्थ्यो ।

बैठक हलको एक कुनामा साथीहरूलाई पर्खिबस्दा म यो सबै प्रक्रिया हेर्थे र मनमनै हाँस्थे । बस्नेतकै घरमा बस्नेत पीडित संघको कार्यालय, उनकै चियानास्ता र उनकै मान्छेको सुझाव अनुसारको माइनट । पीडित संघ लामै र राम्रै चल्ला जस्तो देखिन्थ्यो । र, यो प्रक्रिया मलाई भने 'तमासा' जस्तो लागेको थियो । पीडित संघजस्ता ससाना, संकीर्ण सोच भएका बग्रेल्ती राजनीतिक समूहको यो देशमा कुनै काम छैन । ती बेकामे प्रयत्नहरू हुन् । त्यसमा खर्चिएको श्रम खेर जाने श्रम हो नभन्दै समस्या हल भएन । साथीहरूको पैसा डुब्यो । पीडितहरू बैठक बस्न छोडे, तितरबितर भए । पीडित संघको साइनबोर्ड अहिले त्यहाँ छैन होला । मेरा साथीहरूलाई यो घटना सम्झायो भने हाँस्छन् र 'भो, छोडिदिनुस् त्यो कुरा' भन्छन् । उनीहरूले त्यो बेलाको त्यति ठूलो रकम माया मार्दिएका छन् । राजनीतिक घटनाक्रममा पनि यो उदाहरण मलाई निक्कै गतिलो लाग्दछ । देशमा एक से एक अमूक व्यक्ति 'पीडित संघ' को साइनबोर्ड देख्छु, त्यही विचार र विरासतको घर कम्पाउन्डमा । तिनको तर्क, विश्लेषण, एजेन्डा, संस्कार र संस्कृतिको चियानास्ता पनि त्यतैबाट आउँछ । रणनीति, कार्यनीति र कार्यशैलीको सुझाव पनि उतैबाट आउँछ। तर, ती पीडित संघ बनाएर लड्दैछन्, त्यहीसँग । एउटा पार्टी छ, नेकपा (एकीकृत समाजवादी) नामको। यथार्थमा त्यो 'ओली पीडित संघ' हो र माधव नेपाल 'ओली पीडित संघ' को अध्यक्ष हुन् । नेकपा वैद्य र विप्लवलाई 'प्रचण्ड पीडित संघ' भन्न सकिन्छ । 'विवेकशील साझा' र 'विवेकशील पार्टी' नामका ससाना समूह छन्, देशभरिबाट ५ हजार भोट नकटाउने, यथार्थमा ती पनि पार्टी हैनन्, 'रवीन्द्र मिश्र पीडित संघ' हुन् । अर्को कम्युनिष्ट समूह छ धुरन्धर विद्वान मित्र आहुतिको नाममा त्यो 'नारायणकाजी पीडित संघ' हो । विस्तार अब 'रवि लामिछाने पीडित संघ' खुल्ला, त्यस्तै सुन्दैछु । केही महिना अघि सुदुरपश्चिमतिर जाँदा कैलाली कञ्चनपुरका केही साथीहरूसँग भेट भएको थियो, उनीहरू 'विप्लव पीडित संघ' खोल्ने तयारी गर्दै थिए । त्यता खुल्यो खुलेन, यता कमरेड कञ्चन र सुदर्शनले भने खोलेका थिए, खै कता पुग्यो ।




लोसपा, जनमतलगायत मधेशका अनेक सानातिना समूह 'उपेन्द्र यादव पीडित संघ' हुन् । यादवले 'यादववाद' गरे भन्नु बाहेक तिनको अरु कुनै कुरा, मुद्दा, विचार, एजेन्डा केही हुँदैन । धन्न, कांग्रेसमा चाहिँ यो नौबत छैन, नत्र शेखर कोइराला, गगन थापाहरूले यतिखेरसम्म 'देउवा पीडित संघ' खोली सकेका हुन्थे । त्यहाँ पीडित संघको साटो 'गुनासो केन्द्र' नै काफी भइरहेको छ । 'गुनासो केन्द्र' चाहिँ त्यहाँ पनि चलेकै छ ।

डा. बाबुराम भट्टराईले नयाँ शक्ति बनाएर साँच्चै नयाँ शक्ति बनाउन खोजेका हुन् भन्ने लागेको थियो, हैन रहेछ, त्यो पनि 'प्रचण्ड पीडित संघ' कै अर्को घटक रहेछ । त्यो पीडित संघ थियो कि राष्ट्र निर्माण गर्ने नयाँ पार्टी भन्ने बेलैमा बुझ्न नसक्दा हामीले पनि सात वर्ष 'प्रचण्ड पीडित संघ' को सदस्य भएर खेर फाल्यौं, दुनियाँका नजरमा 'अच्छा बेवकुफ' सावित भयौं । अहिले पनि मदन राई, वीरेन्द्र पोखेल, प्रशान्त सिंह, अशोक श्रेष्ठ, नारायण खनाल लगायतको एउटा ससानो समूह छ हाम्रो 'बाबुराम पीडित संघ' खोल्न र त्यसको केन्द्रीय समिति बनाउन पुग्ने । धेरैले 'किन ढिलो गरेको, तिमेरुको खोइ ? तिमेरु त हरायौं त ?' भनेर प्रश्न गर्छन् । तर, हामीले भने जानीजानी, सयौंपटक सोची विचरी 'बाबुराम पीडित संघ' नबनाउने, त्यसैको विरासतको घरकम्पाउन्डमा साइनबोर्ड नटाङ्ने र संस्कार, संस्कृतिको चियानास्ता, कार्यशैलीको सुझाव उतैबाट नलिने निर्णय गरेका छौं । किनकि पीडित संघ राष्ट्र निर्माण र राज्य सञ्चालन गर्न सक्ने पार्टी बन्न सक्दैन भन्ने कुरा हामीअघिका सबै उदाहरणबाट पुष्टि भइसके । फेरि त्यही अभ्यास किन र कसका लागि दोहोऱ्याउने ? अहं तुष्टिका लागि ? भो, त्यो पर्दैन । ज्यां-पाल सात्रको अस्तित्ववादी दर्शनले भन्छ, 'कुनै पनि मान्छेको गाथा उसको नियतिको हैन, निर्णयको कथा हो । मान्छे के हुन्छ वा बन्छ, त्यो स्वयं उसको निर्णयले निर्धारण गर्दछ ।' सात्र स्वयं फ्रान्सेली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य थिए ।

*साभारः अनलाईन खबर ।*

कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: ढिलीप कुमार साह :-
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।
- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्पान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

सूचना
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी

सूचना
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday